**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।**

**क) निकायको स्वरुप र प्रकृति :**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट घ वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्था ।

**ख) निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त घ वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा समय समयमा जारी हुने परिपत्रहरु र लघुवित्त वित्तीय संस्थाको आन्तरिक नीति नियम, कार्यविधि र निर्णयहरुले तोके बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**ग) निकायमा रहने कर्मचारी संख्या र विवरण :**

यस निकायमा कार्यरत कर्मचारी संख्या ९१ (करारमा रहेका समेत) रहेको छ र यस लघुवित्त वित्तीय संस्थाले तोकेका विभिन्न इलाका कार्यालय, एकाई कार्यालय र केन्द्रीय कार्यालयमा विभिन्न पदमा कार्यरत कर्मचारीहरुबाट कामहरु सम्पादन हुँदैआएको छ ।

**घ) निकायबाट प्रदान गरिने सेवा :**

. बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम घ वर्गको इजाजत प्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाको रुपमा प्रचलित ऐन, कानुन, निति, नियम, निर्देशिकाहरुको अधिनमा रही प्रदान गरिने सम्पूर्ण सेवाहरु ।

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस वित्तीय संस्थाले केन्द्रीय कार्यालय, काठमाडौंमा रहेको एकाई कार्यालय तथा देश भरिमा रहेका १० वटा इलाका कार्यालयहरु इटहरी, विर्तामोड, हेटौंडा, जनकपुर, गजुरी, पोखरा, वुटवल, नेपालगञ्ज, अत्तरिया र विरेन्द्रनगरमा रहेका जिम्मेवार कर्मचारीहरु मार्फत सेवा प्रदान गर्दै आएको छ ।

**च) निर्णय गर्ने प्रकृया र अधिकारी :**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम, निर्देशिका तथा सञ्चालक समितिले समय समयमा गर्ने निर्णयहरुको अधिनमा रही तोकिएका कार्यहरु सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । लघुवित्त वित्तीय संस्थाको नीतिगत निर्णय लिने तथा व्यवस्थापनलाई आवश्यक मार्गदर्शन तथा नीति निर्देशन प्रदान गरी व्यवस्थापनको कामहरुलाई नियन्त्रण तथा अनुगमन गर्नका लागि लघुवित्त वित्तीय संस्थाको सर्वोच्च निकायको रुपमा सञ्चालक समिति कार्यरत रहेको छ भने सञ्चालक समितिको सोही नीति निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा लघुवित्त वित्तीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ ।

**छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

निर्णय उपर उजुरी सुन्नका लागि हाल प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ ।

डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं. ०१-४१११७५२, इमेल shivram.koirala@skbbl.com.np

**ज) सूचना अधिकारीको नाम, थर**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।

श्री. झलेन्द्र भट्टराई, का. मु. नायव प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं: ०१-४१११७५२, इमेल jhalendra.bhattarai@skbbl.com.np

**झ) सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम घ वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण कारोबारहरु सम्पादन भईरहेको छ ।

**ञ) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

लघुवित्त वित्तीय संस्थाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ का अतिरिक्त सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्नुपर्ने हुन्छ भने लघुवित्त वित्तीय संस्थाले सञ्चालनका नियमावली तथा विनियमावलीहरु बनाई लागु गरेको छ ।

**ट) आम्दानी तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु :**

लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको छ भने यस संस्थाको वेवसाईट www.skbbl.com.np मा समेत राखिदै आएको छ ।

**ठ) लघुवित्त विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**

लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्याकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत<br>
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं<br>
फोन नं. ०१-४१११७५२, इमेल shivram.koirala@skbbl.com.np

**ड) सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय वमोजिम रहेको छ ।**

क) यस संस्थाले साना किसान सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य संस्थाहरुलाई लघुवित्तका लागि थोककर्जा प्रदान गर्ने एवं उनीहरुको क्षमता विकासका विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

ख) वेवसाईट : www.skbbl.com.np

ग) वार्षिक विवरणहरु प्रकाशित गरी लघुवित्त वित्तीय संस्थाको वेवसाइटमा प्रकाशन गर्ने गरिएको छ । साथै लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेवसाइटमा समेत सुसूचित गरिदै आएको छ ।

**२०७६।०४।२४**